# नेपाल पत्रकार महासंघ

## वैदेशिक शाखासम्बन्धी नियमावली–२०७१

वैदेशिक शाखासम्बन्धी नियमावली–२०७१ वाञ्छनीय भएकोले नेपाल पत्रकार महासंघको विधान–२०६० (तेस्रो संशोधन–२०७१) को धारा २६ को च अनुसार देहायमोजिमको नियमावली बनाइएको छ ।

१. नाम र प्रारम्भः

क) यस नियमावलीको नाम वैदेशिक शाखासम्बन्धी नियमावली–२०७१ रहेको छ ।

(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

नेपाल पत्रकार महासंघ (यसपछि महासंघ उल्लेख हुनेछ) को विधान–२०६० (तेस्रो संशोधन–२०७१) को धारा २६ को च बमोमिज वैधानिक रुपमा विदेशमा वसोबास गरी पत्रकारिता गरिरहेका नेपाली पत्रकारहरुले नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको स्वीकृति लिई गठन गरेको संस्थालाई वैदेशिक शाखा भनिने छ ।

३. उद्देश्यः

(क) वैधानिकरुपमा विदेशमा बसोवास गरिरहेका नेपाली पत्रकारहरू (जो पूर्णकालीन वा आंशिकरुपमा पत्रकारितामा सक्रिय छन्) लाई संगठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार प्रवद्र्धन तथा संरक्षण गर्न क्रियाशील रहने,

(ख) उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने,

(ग) सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने,

(घ) श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि नेतृत्व प्रदान गर्ने,

(ङ) पत्रकारिता क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने,

(च) पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयहरूमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तक्रिया, प्रशिक्षणलगायत अन्य विभिन्न रचनात्मक गतिविधिहरू सञ्चालन गर्ने र पुस्तक, पत्रपत्रिका, कार्यक्रम तथा प्रतिवेदन प्रकाशन वा उत्पादन गर्ने,

(छ) राष्ट्र, समाज र आमनागरिक तथा पत्रकार जगतको हितका साथै स्वच्छ पत्रकारिताको प्रवद्र्धनका निम्ति सक्रिय रहने,

(ज) प्रेस स्वतन्त्रताको प्रतिरक्षाका लागि आवश्यक अन्य काम गर्ने ।

झ) आफू क्रियाशील रहेको देश र नेपालका बीच सम्बन्ध सुदृढ गर्ने भूमिका निर्वाह गर्ने ।

४. सदस्यको योग्यताः

वैधानिक रुपमा विदेशमा रही पत्रकारिता क्षेत्रमा क्रियाशील निम्नबमोजिको योग्यता पुगेका व्यक्तिलाई महासंघको सदस्यता प्रदान गरिनेछ ।

(क) पत्रकारिता वा अरु कुनै विषयमा स्नातक उत्तीर्ण गरी एक वर्षदेखि पत्रकारितामा लागेका व्यक्ति वा पत्रकारिता वा अरु कुनै विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी दुई वर्षदेखि पत्रकारिता पेशामा लागेका व्यक्ति वा प्रवेशिका परीक्षा उत्तीर्ण गरी तीन वर्षदेखि पत्रकारिता पेशामा लागेका व्यक्ति

(ख)यो नियमावली लागू हुनुभन्दा अगाडि महासंघको कुनै पनि शाखामा सदस्य रहेका व्यक्ति,

ग) विदेशमा वैधानिक बसोवास गरिरहेका व्यक्ति

घ) स्वदेशी र सम्वद्ध देशको कानुनबमोजिम गैरकानुनी हैसियत नभएको व्यक्ति ।

ङ) नेपाल पत्रकार महासंघको मौजुदा विधानले सदस्यतासम्बन्धी योग्यता निर्धारण गरेअनुसारको व्यक्ति ।

(च) महासंघको सदस्य हुन १८ वर्ष पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

छ) विदेश शाखामा रहेको सदस्य स्वेदश फर्किएमा आफूअनुकूल शाखामा स्थानान्तरण हुन सक्नेछ ।

५. सदस्यता प्राप्त गर्ने कार्यविधि ः

(क) महासंघको सदस्यता लिन चाहने पत्रकारले आफू क्रियाशील रहेको देशमा रहेको महासंघको वैदेशिक शाखामा शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित मुलुकमा आवासीय भिसा लागेको नेपाली राहदानीको प्रतिलिपि, पत्रकारितामा निरन्तरता र क्रियाशीलताको प्रमाण, वैधानिक रुपमा विदेशमा रहन प्राप्त अनुमतिपत्र र आफू कार्यरत सञ्चार संस्थाको नियुक्तिपत्र वा सिफारिसपत्र प्रस्तुत गर्नुपर्नेछ ।

(ख) आवेदन प्राप्त भएपछि शाखाले छानबिन गरी योग्यता पुगेका आवेदकको सदस्यता स्वीकृतका लागि केन्द्रीय समितिमा सिफारिश गर्नुपर्नेछ । केन्द्रीय समितिले शिफारिस प्राप्त भएको ३ महिनाभित्रै सदस्यता टुंगो लगाइसक्नु पर्ने छ । ।

(ग) सदस्यताको अवधि एक वर्षको हुनेछ । हरेक वर्षको चैत्र मसान्तभित्रमा सम्बन्धित शाखामा नवीकरण गराउनुपर्नेछ । नवीकरणको विवरण शाखाले नयाँ वर्षको बैशाख मसान्तसम्ममा केन्द्रीय कार्यालयमा पठाइसक्नुपर्नेछ ।

(घ) सदस्यता स्थानान्तरणः महासंघका सदस्यहरूले आफ्नो कार्यक्षेत्र परिवर्तन भएअनुसार सदस्यता स्थानान्तरण गर्न सक्नेछन् । वैदेशिक शाखाको हकमा सदस्यता स्थानान्तरणको कारण खुलाई शाखाले महासंघ केन्द्रमा सिफारिस र स्थानान्तरण हुन चाहेको शाखाको सहमतिपत्र अनिवार्य पेश गर्नुपर्नेछ । यसरी स्थानान्तरण गर्ने सदस्यहरु विदेशमा रहेका वैदेशिक शाखा वा नेपालमा क्रियाशील रहनुपर्ने अवस्थामा आफूलाई पायक पर्ने शाखामा आवद्ध हुन सक्नेछन् । तर, यसरी नेपालमा सदस्यता स्थानान्तरण गर्न चाहनेले नेपालमा क्रियाशीलताको प्रमाण पेश गर्नुपर्नेछ ।

६. सदस्यता शुल्कः

(क) सदस्यता शुल्क वार्षिक रु. २०००।– (अक्षरेपी दुई हजार) हुनेछ । तर, नयाँ सदस्यलाई प्रवेश शुल्क रु. ३०००।– (अक्षरेपी तीन हजार) थप लाग्नेछ ।

(ख) हरेक वर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ । तर दुई वर्षभित्र शतप्रतिशत विलम्ब शुल्क लिई सदस्यता नवीकरण गर्न सकिनेछ । लगातार दुई वर्षसम्म नविकरण नगर्ने सदस्यको सदस्यता स्वतः खारेज हुनेछ । यसरी सदस्यता खारेज भएका पत्रकारले पुनः सदस्य बन्न चाहेमा नयाँ प्रक्रिया सुरु गर्नु पर्नेछ ।

(ग) प्रत्येक नयाँ सदस्यता प्राप्ति तथा नवीकरणका लागि केन्द्रीय कार्यालयमा चैत मसान्तभित्र पठाउनु पर्नेछ । सदस्यता दस्तुरमध्ये सदस्यता शुल्क र प्रवेश शुल्कको ५०÷ ५० प्रतिशत रकम केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

(ख) हरेक वर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ । तर दुई वर्षभित्र शतप्रतिशत विलम्ब शुल्क लिई सदस्यता नवीकरण गर्न सकिनेछ । लगातार दुई वर्षसम्म नविकरण नगर्ने सदस्यको सदस्यता स्वतः खारेज हुनेछ । यसरी सदस्यता खारेज भएका पत्रकारले पुनः सदस्य बन्न चाहेमा नयाँ प्रक्रिया सुरु गर्नु पर्नेछ ।
(ग) प्रत्येक नयाँ सदस्यता प्राप्ति तथा नवीकरणका लागि केन्द्रीय कार्यालयमा चैत
मसान्तभित्र पठाउनु पर्नेछ । सदस्यता दस्तुरमध्ये सदस्यता शुल्क र प्रवेश शुल्कको ५०÷ ५० प्रतिशत रकम केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।
७ कार्यकारिणी सभाको गठनः
(क) वैदेशिक शाखाको हकमा कार्यकारिणी सभाको लागि महासंघको विधान–२०६० (तेस्रो संशोधन–२०७१) दफा ९ को क र ख अनुसार नै हुनेछ ।
ख) तर, यसरी निर्वाचित भएका वैदेशिक शाखाको हकमा भने शाखाको अध्यक्षले प्रतिनिधिका रुपमा र वैदेशिक शाखाको कार्यसमितिले शाखाका सदस्यमध्ये तोकेका दुई जना सभासदले पर्यवेक्षकका रुपमा महासंघको साधारणसभा र महाधिवेशनमा सहभागी हुन पाउनेछन् ।
यसरी सहभागी हुन आउनेमध्ये शाखाका अध्यक्ष अर्थात प्रतिनिधिलाई महासंघको केन्द्रीय साधारणसभा र महाधिवेशनमा मतदान गर्ने अधिकार भए पनि उम्मेदवार हुने अधिकार रहने छैन । पर्यवेक्षकलाई मतदान र उम्मेदवारीको अधिकार हुनेछैन ।
ग) महाधिवेशन र केन्द्रीय साधारणसभा सहभागी हुन आउने प्रतिनिधि र पर्यवेक्षकको आउदाँ–जाँदाको सम्पूर्ण खर्च सम्बन्धित वैदेशिक शाखाले नै व्यहोर्नु पर्नेछ ।
घ) कार्यकालको बीचमा शाखाको सम्पूर्ण सदस्यहरुको उपस्थितिमा एकपटक साधारणसभाको आयोजना गर्नुपर्नेछ । यस्तो साधारणसभा र अधिवेशनलाई कार्यकारिणीसभा पनि भनिनेछ ।
ङ) विशेष परिस्थितिमा शाखाका सदस्यहरुको मागमा महासंघ केन्द्रीय कार्यालयको स्वीकृतिपछि अधिवेशन गर्न सकिनेछ । यसको आयोजनाका सम्बन्धमा महासंघको विधानले निर्धारण गरेको प्रक्रियाबमोजि नै हुनेछ ।
८. समितिको गठन र गठन विधिः
महासंघको विधान–२०६० (तेस्रो संशोधन–२०७१) दफा १४ उपदफा १ बमोजिम नै हुनेछन् ।
९. काम, कर्तव्य र अधिकार ः यहाँ काम, कर्तव्य र अधिकार भन्नाले शाखाका अध्यक्ष,
उपाध्यक्ष, सचिव र कोषाध्यक्षको अधिकार भनेर बुझ्नुपर्नेछ । यसका हकमा महासंघको विधान–२०६० (तेस्रो संशोधन–२०७१) अनुसार नै हुनेछ ।
१०. सदस्यको अधिकारः
(क) सदस्यले विधानबमोजिम शाखाको निर्वाचनमा आफू उम्मेदवार हुन वा मतदान गर्न पाउनेछ ।
(ख) सदस्यले कार्यकारिणी सभामार्फत् महासंघको नीति निर्माणमा संलग्न हुन पाउनेछ ।
११. शाखाको गठनः
(क) वैधानिकरुपमा विदेशमा रही पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका १६ जना वा सोभन्दा बढी नेपाली पत्रकारहरू संगठित भई महासंघको शाखाका खोल्नका लागि पहल गरेमा वैदेशिक शाखा गठन गर्न सकिनेछ ।
ख) शाखाको कार्यसमितिको कार्यावधि गठन भएको मितिले तीन वर्ष हुनेछ ।
कार्यावधि समाप्तिसँगै शाखाले अधिवेशन गराउनुपर्नेछ । अधिवेशनले विगतका कार्यको समीक्षा, मूल्याङ्कन तथा भावी दिनका लागि आवश्यक योजना र नीति तय गर्नेछ ।
ग) अधिवेशनले सर्वसम्मति वा निर्वाचनका माध्यमले कार्यसमिति गठन गर्नेछ । कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य ३ रहनेछन् ।
घ) शाखा गठनअघि तदर्थ समिति गठन गरी सदस्यता प्राप्तिको औपचारिक प्रक्रिया महासंघ केन्द्रीय समितिसँग समन्वय गरी पूरा गर्नुपर्नेछ ।
ङ) तर्दथ समितिले ६ महिनाभित्र महासंघ केन्द्रले तोकेको केन्द्रीय प्रतिनिधिको
उपस्थितिमा अधिवेशन सम्पन्न गरी सक्नुपर्नेछ ।
१२) शाखाको कार्यसमितिको उम्मेदवार हुन आवश्यक योग्यता
क) अध्यक्षका लागि–
१, कम्तिमा तीन वर्षदेखि महासंघको सदस्य हुनुपर्नेछ,
२, शाखाको कार्यसमितिमा रहेर कम्तिमा दुई वर्षको कार्यानुभव हुनुपर्नेछ,
३, नयाँ शाखाका हकमा माथिका दुवै बुँदाका प्रावधान लागू हुने छैनन् ।
ख) उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र कार्यसमितिका सदस्यका हकमा भने १२, क को प्रावधान लागू हुनेछैन ।
१३. अनुशासन र कारबाहीः
(क) महासंघको विधान तथा अनुशासनको पालना गर्नु वैदेशिक र त्यसमा आवद्ध सदस्यको कर्तव्य हुनेछ ।
(ख) वैदेशिक शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेसम्म कुनै राजनीतिक दल वा भ्रातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गर्न पाउने छैन ।
(ग) अनुशासन पालना गरे नगरेको अनुगमन तथा त्यससम्बन्धी उजुरीको सुनुवाइ वैदेशिक शाखाको सिफारिसमा केन्द्रीय समितिले गर्नेछ ।
(घ) केन्द्रीय समितिले स्पष्टीकरण सोध्ने, निलम्बन गर्ने र सदस्यता खारेज गर्ने निर्णयसमेत गर्न सक्नेछ। कुनै कार्वाहीको निर्णय गर्नु अघि सफाइको मौका दिनु पर्नेछ ।
१४) वैदेशिक शाखा र महासंघ केन्द्रबीच प्रवासी नेपाली पत्रकार सञ्जालले आवश्यकताअनुसार समन्वय गर्नसक्नेछ ।
१५) यस नियमावलीले संशोधन नगरेका विषयका हकमा महासंघको विधान–२०६० (तेस्रो संशोधन–२०७१) अनुसार हुनेछ ।
१६. आवश्यकताबमोजिम केन्द्रीय समितिले यो नियमावली संशोधन तथा खारेज गर्न सक्नेछ ।